बैठक संख्या : ७५

आज मिति २०७७/०९/२३ गते ११ बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रबिधि अधिकृत | |
| २५ | श्री तुलसा अर्याल | सहायक पाँचौ | |

२६. श्री सुरेन्द्रराज लम्साल सामाजिक विकास सल्लाहकार

२७. श्री बलराम ज्ञवाली लेखा अधिकृत

**प्रस्तावहरु**

१. विनियोजन ऐन २०७७ लाई संशोधन गर्न बनेको विधेयक २०७७ लाई सिफारिस गर्ने ।
२. योजना सम्पन्न गर्ने म्याद थप सम्बन्धमा ।
३. नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रण सम्बन्धमा ।
४. कार्यविधि तथा निर्देशिकाहरु पारित गर्ने सम्बन्धमा ।
५. पूर्व पारित कार्यविधि संशोधन सम्बन्धमा ।
६. अन्य विविध समसामायिक विषय ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कपिलवस्तु नगरपालिकाको विनियोजन ऐन २०७७ लाई संशोधन गर्न बनेको विधेयक २०७७ स्वीकृतिको लागि आठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०७६/०७७ बाट जिम्मेवारी सारिएका निम्न योजनाहरु तोकिएको मिति सम्ममा सम्पन्न गर्न नसकिएको हुँदा २०७७ चैत्र मसान्त सम्ममा सम्पन्न गर्ने गरि म्याद थप गर्ने निर्णय गरियो ।

(क) पिपरहवा विठुवा सौरहा सडक (ठेक्क नं. KM/RD/076/077-26)
(ख) आनन्दवाग पेट्रोल पम्प देखि आँखा अस्पताल सम्म सडक (ठेक्क नं. KM/RD/076/077-18)
(ग) पूर्व दोहनी देखि भगवानपुर सम्म र हुलाकी देखि उत्तर विरपुर हुदै मालपारा सडक (ठेक्क नं. KM/RD/076/077-25)
(घ) गोटिहवा शिवपुरा सडक (ठेक्क नं. KM/RD/076/077-27)

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गतका खोलाहरुबाट नदीजन्य पदार्थ अबैध रुपमा चोरी हुनबाट नियन्त्रण गर्न चोरी निकासीमा संलग्न सवारी साधनहरुलाई तपसिल बमोजिमको जरिवाना लगाउने निर्णय गरियो ।

**तपसिल**

(क) पहिलो पटक ट्रैक्कटरलाई रु. ४० हजार
(ख) पहिलो पटक टिप्परलाई रु. ५० हजार
(ग) दोस्रो पटक ट्रैक्कटरलाई रु. ६० हजार
(घ) दोस्रो पटक टिप्परलाई रु. ८० हजार
(ङ) तेस्रो पटकमा सवारी साधनलाई लिलाम गरिनेछ ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिल बमोजिमका कार्यविधि तथा निर्देशिका पारित गर्ने निर्णय गरियो ।

**तपसिल**

(क) स्वयं सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७
(ख) लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७
(ग) मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७
(घ) बाल समूह/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७७

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कपिलवस्तु नगरपालिका नगर कार्यपालिकाबाट पारित तपसिल बमोजिमका कार्यविधिलाई संशोधन गरि पारित गर्ने निर्णय गरियो ।

(क) स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४
(ख) 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४

प्रमाणित

**विविध समसामायिक निर्णयहरु**

**निर्णय नं. ६**

सगारी विल्डर्स एण्ड सप्लायर्स प्रा.लि.ले निग्लिहवा नाकाको गत वर्ष अवरुद्ध भएको अवधीको रकम फिर्ता माग गरिएको सन्दर्भमा स्थानीयवासीहरुको अवरोधका कारण ठेक्का सम्झौता भए पछि २० दिन उत्खनन् तथा विक्री वितरण हुन नसकेका हुँदा निजहरुसंग साविकमा भएको सम्झौता बमोजिम कुल दिनमा काम गर्न नपाएको दिनको दामासाहीले रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

मिति २०७७ जेष्ठ ६ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार यस नगरपालिका भएर जाने NH05 को हुलाकी राजमार्ग, NH50 को जीतपुर तौलिहवा खुनुवा सडक र NH51 को तौलिहवा गोरुसिङ्गे सन्धिखर्क सडकहरुको सडक क्षेत्राधिकार (Right of way) केन्द्रबाट दायाँ बायाँ २५/२५ मिटर तोकिएकोमा क्रमश: उक्त सडकहरुको जमुवार पुल देखि नयाँ टोल हुदै छोटकी तौलिहवा, भिक्षु चौक देखि कुदान र भिक्षु चौक देखि चौबिस हजार पुल सम्म सघन बस्ती क्षेत्र भएको र सो सडक खण्डहरुमा प्राचिन कपिलवस्तुको पुरात्तात्विक स्थलहरु समेत पर्ने भएकोले सो सडक खण्डहरुमा ५० मिटरको मापदण्ड तोक्दा स्थानीय नागरिकहरु पूर्ण विस्थापित हुने सम्भावना देखिएकोले उक्त सडक खण्डहरुको सडक क्षेत्राधिकार सडकको दायाँ बायाँ १५/१५ मिटर गरी जम्मा ३० मिटर सडक क्षेत्राधिकार कायम गरिदिनको लागि भौतिक योजना तथा निर्माण मन्त्रालय सिंहदरबार काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

गत आ.व. २०७६/०७७ को लागि राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाडौंबाट समपूरक अनुदान अन्तर्गत यस नगरपालिकाको लागि स्वीकृत तपसिल बमोजिमका २ वटा योजनाहरुको निर्माण कार्य कोभिड-१९ ले गर्दा अगाडी बढाउन नसकिएकोले यस आर्थिक वर्षमा खरिद प्रक्रिया अगाडी बढाइएकोले तपसिल बमोजिमको योजनाहरुका तपसिल बमोजिमको रकम माग गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | माग रकम |
|---|---|---|
| १. | पिपरहवा, बिठुवा सौरहा सडक रकम | रु. २७,२८९,२५९/- |
| २. | रिसोइन शान्ति विहार देखि कपिलवस्तु संग्राहलयको पश्चिम गेट हुँदै औराहिया सडक | रु. १,५३,९१,७७४/- |

**निर्णय नं. ९**

राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाडौंबाट मिति २०७७/०८/३० गते प्रकाशित सूचना अनुसार समपुरक तथा विशेष अनुदान अन्तर्गत आयोजना तथा कार्यक्रमको लागि प्रस्ताव माग भएकोमा आगामी आ.व. २०७८/०७९ को लागि तपसिल बमोजिमको योजनाहरुको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

**समपुरक अनुदान अन्तर्गत**

१. भिक्षु चौक मालपारा सडक (बहुवर्षिया)

२. जहदी, बन्डौली, जगदीशपुर सडक (बहुवर्षिया)

३. बाणगंगा लिफ्ट सिचाई योजना क.व.न.पा. १२ (बहुवर्षिया)

**विशेष अनुदान अन्तर्गत**

१. खरको छानो मुक्त कार्यक्रम

**निर्णय नं. १०**

आर्थिक मामिला तथा योजना मन्त्रालय लुम्बिनी प्रदेश, बुटवललाई आगामी आ.व. २०७८/०७९को लागि यस नगरपालिकाको तपसिल बमोजिमको योजनाहरुको लागि समपुरक तथा विशेष अनुदान अन्तर्गत आयोजना तथा कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

**तपसिल**

**समपुरक अनुदान अन्तर्गत**

१. बिकुली फेदराहट सडक

२. गोटिहवा शिपुरा मधुनगरा सडक

३. बरदहवा लम्तियाँ सडक

४. वडा नं. ११ बनगाईको मूल सडक

**विशेष अनुदान अन्तर्गत**

१. वडा नं. ९ को वडा कार्यालय भवन

**निर्णय नं. ११**

हुलाकी राजमार्ग अन्तर्गत निर्माणाधिन तौलिहवा जीतपुर सडकको महिता चौकमा सर्विस लेन नभएको र भवन आवास तथा शहरी विकास कार्यालय संघीय कार्यान्वयन इकाई भैरहवाबाट कृषि विकास बैंक देखि महिता सम्मको सडकलाई नमुना सडकको रुपमा २० मिटर चौडाईको सडक निर्माणाधिन रहेकोले महिता चौकको २००/२०० मिटर पुर्व र पश्चिम खण्डमा सर्विस लेन विस्तारको लागि हुलाकी राजमार्ग आयोजना गोरुसिङ्गे कपिलवस्तुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

बुटवल अदालतमा यस नगरपालिकाको मुद्दाहरु बहस गरेका वकिलहरुलाई कर बाहेक हुन आएको रकम रु. १ लाख प्रति व्यक्तिका दरले दुई जना वकिलहरुलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस आर्थिक वर्ष २०७७/०७८ मा संघीय समपूरक अनुदान अन्तर्गत संचालन हुने तपसिल बमोजिमका योजनाहरुको नगर कार्यपालिकाको कार्यालयबाट खरिद गुरु योजना स्वीकृतिको लागि पेश भइ आएकोले उक्त योजनाहरुको खरिद गुरु योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

१. पिपरहवा बिठुवा सौरहा सडक ।

२. रिशोइन शान्ति विहार हुदै तिलौराकोट पश्चिम गेट औराहिया सडक ।

**निर्णय नं. १४**

कपिलवस्तु नगरपालिका भित्र पर्ने हुलाकी सडक विस्तार गर्ने क्रममा हटाइएका सडक सौर्य बत्ती तथा सि.सि.टि.भि. क्यामराहरुको पुनः जडान कार्य उपभोक्ता समितिबाट गराउने निर्णय गरियो ।

**निर्णय नं. १५**

आ.व. २०७७/०७८ को लागि कपिलवस्तु क्रिकेट संघ तौलिहवा कपिलवस्तुको व्यवस्थापनका लागि अनुदान स्वरुप रकम रु. २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

गत आ.व. २०७६/०७७ तथा चालु आ.व. २०७७/०७८ मा लागत सहभागिता तथा खानेपानी धरौटी वापतको रकम संचित कोष खातामा जम्मा भएकोले उक्त धरौटी रकम फिर्ता गर्ने निर्णय गरियो ।

क) श्री आधारभूत विद्यालय पिपरी - २३,०००/-

ख) श्री द्रोपदी राना क.व.न.पा २ - १०००/-

**निर्णय नं. १७**

यस कपिलवस्तु नगरपालिकामा कार्यरत एक गाउँ एक कृषि प्राविधिकहरुले खाइपाइ आएको प्रचलित स्केल रकमको ५० प्रतिशत रकम नगरपालिकाले व्यहोर्ने गरि निजहरुको सेवा करारको म्याद २०७७ माघ देखि २०७८ असार मसान्त सम्म निरन्तरता दिने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०७७।१०।२३